# साझेदारी प्रक्रियामा तराई क्षेत्रको वन सम्पदा

**डा.हिम्मत सिंह के.सी.**

## परिचय

वन भन्नाले साधारणतया पृथ्वीको धरातलमा अवस्थित रुख, बिरुवा, घाँस-पात जस्ता वनस्पतिको एकत्रित समूह र त्यसमा आश्रित तथा निहित चराचुरुङ्गी, कीट-पतङ्ग, साना ठूला वन्यजन्तु एवं सूक्ष्म जीवधारीहरुलाई समेत जनाउँदछ । पारिस्थितिकीय (Ecologically) दृष्टिले वन एउटा जटिल अस्तित्व भएको जैविक स्रोत हो । यसले माटो, पानी, हावा जस्ता आधारभूत प्राकृतिक शक्तिहरुका बीच समन्वय राखी निरन्तर रुपमा सन्तुलित पर्यावरणीय प्रणाली (Eco-system) को प्रक्रियालाई जीवन्त राख्दै प्राणीलाई गतिशील तथा चलायमान राख्दछ ।

क्षेत्रगत आधारमा नेपालमा पाँच किसिमका वनहरु मुख्य रुपमा पाइने भएता पनि अन्य भौगोलिक क्षेत्रमा पाइने वनभन्दा तराई क्षेत्र (तराई, चुरे र भित्री मधेस) मा पाइने उष्ण (Tropical) र उपोष्ण (Sub-tropical) वन क्षेत्रहरु जैविक विविधता एवं सामाजिक, आर्थिक र औद्योगिक उत्पादनका दृष्टिले समेत महत्वपूर्ण रहेका छन् । बहुयामी एवं बहुपयोगी यस्ता वन सम्पदाको समुचित विकास हुन नसकी उल्लेखित लाभ, सुविधा र सेवा प्राप्त गर्न नसकी क्रमिक रुपमा ह्रास हुँदै आएका छन् ।

उत्पादनशील वन (Productive forest) तराई क्षेत्रमा मात्र अवस्थित रहेका छन् । वन विज्ञान (Forest science) का सिद्धान्तमा आधारित व्यवस्थापन कार्य गर्न विगत करिब ६ दशकदेखि व्यवस्थापन कार्ययोजना लगायत कार्ययोजना (Working plan), व्यवस्थापन योजना (Management plan), जिल्ला स्तरिय कार्ययोजना (Working scheme) र वन व्यवस्थापन कार्ययोजना (Operational forest management plan-OFMP) नाम राखिएका योजना तयार गरिए पनि लागू गर्न नसकी तराई क्षेत्रको वन व्यवस्थापनमा सफलता हाँसिल गर्न सकिएको पाइदैन । ओ.एफ.एम.पी. (OFMP) चर्चित भएता पनि जीवन्त हुन भने सकेको छैन । सामुदायिक वन (सा.व.) विकास कार्यक्रमको माध्यमबाट मध्य पहाडी क्षेत्रमा अवस्थित वनको व्यवस्थापन स्थानीय उपभोक्ता वर्गले सञ्चालन गरेपछि सो क्षेत्रको वन विकासले गति लिन सकेको छ । तराई क्षेत्रमा भने वन व्यवस्थापनको कार्य समस्याग्रस्त र चुनौतीपूर्ण रहदै आएको छ ।

## तराई वनको स्थिति

तराई क्षेत्र समथर भै कृषि भण्डारका साथै शिक्षा, स्वास्थ्य, सञ्चार र यातायातका हिसाबले सुविधायुक्त रहदै आएको छ । अन्तर्राष्ट्रिय सीमाना, सहर र बजारसम्मको पहुँच सुगम भएकोले रोजगारीमूलक पनि छ र दैनिक उपभोग्य वस्तुको प्राप्यता पनि सुलभ रहेको छ । उल्लेखित विभिन्न कारणहरुले गर्दा यस क्षेत्रमा जनघनत्व बढि रहेको छ । पहाडी भू-भागका मूलभूत समस्या निराकरण गर्ने काम चुनौतीपूर्ण भएको हुँदा तराई क्षेत्रको वन कटान गरी बसोबास गराउने सहज उपायको रुपमा सरकारी नीति रहन गएको र यस प्रक्रियालाई थप टेवा दिने कार्य राजनीतिक क्षेत्रबाट समेत हुँदै आएको हो । फलस्वरुप वन अतिक्रमणमा प्रत्यक्ष/अप्रत्यक्ष सहयोग राज्यस्तरबाट नै हुन जाँदा मानिसहरु सङ्गठितरुपमा वन विनाशतिर आकर्षित हुँदै आएका देखिन्छन् ।

पूर्व-पश्चिम राजमार्गको निर्माण सँगसँगै नयाँ-नयाँ वस्ती र बजार पनि विकसित भएर आए । वन सबैको साझा सम्पत्ति मानिए पनि सोबाट प्राप्त हुने फाइदा र सेवा लिन होडबाजी चल्यो तर संरक्षण भने वन निकायको जिम्मेवारीमा मात्र रहन गयो । एक्लो वन संगठनले प्रभावकारी रुपमा प्रतिरक्षा गर्न सकेन । वन अतिक्रमणले तीव्र गति लिन पुग्यो र हाल तराई क्षेत्रको वन करिब १४ लाख हेक्टर क्षेत्रफलमा मात्र सीमित हुन पुग्यो । यसमा पनि निरन्तर प्रहार हुँदै करिब ७० हजार हे. क्षेत्रफल अतिक्रमणित रहनुका साथै वर्षेनी ८००० हे.[1] का दरले वन क्षेत्र ह्रास भइरहेको तथ्याङ्क पुष्टि गरेको अवस्थामा पनि मुक्त कमैयाको बसोबास गरिने थलो वनको जग्गा नै हुन आएको छ । अतः तराई क्षेत्रको राष्ट्रिय वन योजनाबद्ध रुपमा व्यवस्थापन हुन नसकी समय समयमा विशेष प्रयोजनका लागि सरकारबाट गरिने पटके निर्णयको बन्दी हुन पुगेको छ ।

**व्यवस्थापनको परिपाटी**

तराई क्षेत्रमा बाँकी रहेको राष्ट्रिय वन जङ्गल व्यवस्थापन विगत एक दशकदेखि वन ऐन २०४९ र वन नियमावली २०५१ मा व्यवस्था भए अनुरुप सरकारी, सामुदायिक, कबुलियति र धार्मिक वनहरुको कार्यक्रमका माध्यमले सञ्चालन गरिएका भए पनि सरकारी र सा.व. व्यवस्थापन प्रणाली मुख्य रहेका छन् ।

(क) **सरकारी वन व्यबस्थापन** (Governmental forest management): यो व्यवस्थापन मुख्यतया नियम कानुन, निर्णय, आदेश, सर्कुलरमा आधारित रहेको छ । ओ.एफ.एम.पी. जस्ता वन व्यवस्थापनका कार्य योजनाहरु हात्तीका देखाउने दाँत जस्ता हुन पुगेका छन् । देशको परिस्थिति सहज नभएको अवस्थामा सशस्त्र वन रक्षकहरु पनि मूक-दर्शक हुन पुगेका छन् भने जन सहभागिता अत्यन्तै न्यून रहेको छ । टिम्बर कर्पोरेसन (टी.सि.एन.) र जिल्ला वन पैदावार आपूर्ति समितिहरुबाट वाञ्छित सेवा पुग्न सकेको छैन । करिब १२ लाख हे. वन क्षेत्रको क्षेत्रफल यस व्यवस्थापन अन्तर्गत रहेकोछ ।

(ख) **सामुदायिक वन बिकास कार्यक्रम** (Community forest development program): तराई क्षेत्रमा पनि वनसँग जोडिएका समुदायलाई उपभोक्ताको नामकरण गरी निजहरुको समूह बनाई व्यवस्थापन गर्न दिएका वन सामुदायिक कार्यक्रम अन्तर्गत पर्दछन् । यस अन्तर्गत करिब २ लाख हे. वन क्षेत्रको क्षेत्रफल व्यवस्थापन गरिएको छ । यो कार्यक्रम पहाडी वन विकासको हुबहु (True–copy) नक्कल हुन पुगेको र पहाड तथा तराईमा रहेका विविध प्राकृतिक एवं सामाजिक भिन्नतालाई समेत दृष्टिगत नगरी सञ्चालन गरिएको छ । परम्परागत रुपमा वनसँग प्रत्यक्ष सरोकार राख्ने जनजाति एवं आदिवासीलाई वनसँगको सम्पर्कबाट टाढा पुऱ्याएको छ र नव बसोबासी अतिक्रमणकारी भएता पनि उपभोक्ता समूह मानी वनको व्यबस्थापन गर्न दिइएको छ जसले गर्दा कार्य सञ्चालन र कार्य नीतिमा त्रुटि हुन गएको छ ।

राष्ट्रिय निकुन्ज तथा बन्य जन्तु संरक्षण आरक्षका सार भाग वन क्षेत्र (Core forest area) बाहिरका वन जङ्गल सा.व. विकासको अवधारणामा आाधारित एवं राष्ट्रिय निकुन्ज तथा वन्य जन्तु संरक्षण ऐनले निर्दिष्ट गरे अनुरुप मध्यवर्ती क्षेत्रको धारणा (Buffer zone conception)[२] बमोजिम व्यवस्थापन गरिएको छ ।

उल्लेखित सरकारी वन व्यवस्थापन र सा.व. विकास कार्यक्रममा विभिन्न कमी कमजोरी भएको हुँदा श्री ५ को सरकारले वि.सं. २०५७ मा तराई, चुरे तथा भित्री मधेसको वन व्यवस्थापन गर्न

वनको साझेदारी व्यवस्थापन अवधारणा (Collaborative forest management concept)[३] स्वीकृत गरेको छ ।

**वनको साझेदारी व्यवस्थापन**

वनको साझेदारी व्यवस्थापन भन्नाले सरकारद्वारा व्यवस्थित वनको पारिस्थितिकीय सन्तुलन कायम राखी जीविकोपार्जन एवं आर्थिक लगायतका बहुउद्देश्य लाभ प्राप्तिको लागि श्री ५ को सरकार र सरोकारवालाहरुसँग साझेदारीका आधारमा स्वीकृत वन व्यवस्थापन योजना अनुसार गरिने दिगो वन व्यवस्थापन प्रणाली (Sustainable forest management system)[४] जनाउँद छ ।

साझेदारी व्यवस्थापन सरकारले व्यवस्था गरेको राष्ट्रिय वनमा मात्र लागू हुने हुँदा अन्य किसिमका वनमा यो प्रणाली कार्यान्वयन गरिने छैन । साझेदारी व्यवस्थापनको कार्य भने वन विज्ञानको सारभूत तत्व समावेश गरी दिगो व्यवस्थापन प्रणालीका आधारमा गरिने छ । स्थानीय जनता र सरकारको सहभागितामा कार्ययोजना तयार गरी कार्यक्रम सञ्चालन गरिने छन् । प्रत्येक कार्यक्रममा साझेदारहरुको सहभागिता हुने छ । पारस्थितिकीय सन्तुलन, गरिबी निवारण, लैङ्गिक तथा जातिय समन्यायको विकास, जैविक विविधता संरक्षण एवं स्थानीय तथा राष्ट्रिय स्तरका जनताको वन पैदवारको माग जस्ता लक्ष्य कार्यक्रममा समावेस गर्ने गरी उच्च प्राथमिकता दिएको छ ।

**सैद्धान्तिक पक्ष**

वन सम्पदाको प्रभाव र सम्बन्ध भू-धरातलको विशेष क्षेत्रमा मात्र नरही वायुमण्डलीय परिवेशमा समेत पर्ने हुँदा प्राकृतिक रुपमा नै यस स्रोतले व्यापकता प्राप्त गरेको छ । वन जङ्गल सीमित वर्ग वा संस्था वा व्यक्तिको मात्र नभई स्थानीय र राष्ट्रिय स्तर समेतको सरोकारको विषय हुन गएको हो । वनको साझेदारी व्यवस्थापनले यस सैद्धान्तिक पक्षलाई अङ्गीकार गरी सफल वन व्यवस्थापनका लागि सक्रिय जनसहभागिता आवश्यक भएको तथ्य स्वीकार गरेको छ ।

वर्तमान संसारमा प्रजातन्त्र भनेको जनताको युग हो र देश विकासका प्रत्येक कार्यमा जनसमुदायको सक्रिय सहभागिता अनिवार्य हुन्छ । लक्षित कार्यक्रमको प्रत्येक क्रियाकलापमा अधिकारयुक्त र प्रतिफल प्राप्त हुने गरी जनसमुदायलाई सशक्त बनाउन विकेन्द्रीकरण र स्वायत्तताका सिद्धान्त (Principles of decentralization and devolution) पनि प्रतिपादित गरिएका छन् । वनको साझेदारी व्यवस्थापनले मूलभूत रुपमा उल्लेखित सिद्धान्तलाई आत्मसात् गरेको छ । वन विभागमा केन्द्रित वनको व्यवस्थापकीय कार्य साझेदारी वनको व्यवस्थापन समूहमा विकेन्द्रित हुने छ । उक्त व्यवस्थापन समूहले लक्षित वर्ग, महिला एवं पिछडिएका जनजातिको हितका कार्यक्रम तर्जुमा गर्ने जिम्मेवारी पाउनका साथै गाउँघरमा आवश्यक पर्ने स-साना काठ एवं टुप्पा-टुप्पी जस्ता वन पैदावार निशुल्क वा न्यूनतम् शुल्क लिई उपलब्ध गराउने अधिकार समेत प्राप्त गरेको छ ।

तराई क्षेत्रमा रहेका सामाजिक एवं भौगोलिक परिवेशलाई समेत मध्यनजर राखी यस व्यवस्थापनले स्थानीय (नजिक र टाढा) उपभोक्ता एवं स्थानीय निकाय तथा श्री ५ को सरकारको साझेदारीमा सहभागितामूलक वन व्यवस्थापन योजना तयार गर्ने, कार्यान्वयन गर्ने, अनुगमन समेत गर्ने पद्धतिको संस्थागत विकास गर्ने, एवं प्राप्त लाभांश स्थानीय स्तरमा समेत २५% उपलब्ध गराउने व्यवस्थाले वन व्यवस्थापनका कार्य सञ्चालन एवं फाइदा परिचालनमा रहेको सरकारी एकाधिकार समाप्त गरी साझेदारीमा स्थापित गराउने परिकल्पना गरेको देखिन्छ ।

वन व्यवस्थापन कार्य प्रणालीमा लामो अनुभव प्राप्त गरेको भारतमा समेत साझेदारी जस्तो संयुक्त वन व्यवस्थापन (Joint forest management) प्रणाली विगत एक दशकदेखि कम हैसियत भएका वन जङ्गलमा सञ्चालन गरी सफलतातिर उन्मुख भइरहेको[५] छ र यसलाई क्रमिक रुपमा घना जङ्गलमा लागू गर्न समेत प्रयास भइरहेको छ । नेपालको तराई क्षेत्रका अधिकांश कम हैसियत भएका वन क्षेत्रमा यस व्यवस्थापनले सफलता प्राप्त गर्नेछ भनी विश्वास गर्न सकिन्छ ।

**लाभ तथा सुविधा**

वनको साझेदारी व्यवस्थापन प्रणालीबाट विभिन्न किसिमका लाभ र सुविधा प्राप्त हुने भए पनि मुख्यरुपले निम्नानुसार देखिन्छन् :

- स्थानीय सरकार र श्री ५ को सरकार सामूहिकरुपमा जिम्मेवार हुने हुँदा वनप्रति बढी संवेदनशील र चनाखो हुन जाने तथा लकडी चोरी, अति चरिचरण र व्यापक आगलागी नियन्त्रण हुनका साथै अतिक्रमणित वनको व्यवस्थापन हुन सक्ने र अतिक्रमण प्रक्रियामा समेत नियन्त्रण हुने प्रष्ट देखिन्छ । यसका साथै यसबाट सीमाङ्कन कायम हुन गै वन क्षेत्रको सीमा विवाद प्रायः समाप्त हुनेछ र वनको उत्पादन भण्डार (Growing stock) पनि बढन् जाने देखिन्छ ।
- सहभागी व्यवस्थापनका कार्यले स्थानीय स्तरमा आयआर्जन, रोजगारी एवं वन पैदावारको मागमा बढी ध्यान दिइने हुँदा वन जङ्गलप्रति रहेको नकारात्मक सोच समाप्त भई अपनत्वमा परिणित हुने र "हाम्रो वन, हाम्रो धन" भन्ने भावना जागृत हुन जानेछ ।
- साझेदारी व्यवस्थापनमा प्राकृतिक प्रक्रिया अवलम्बन गरिने हुँदा विभिन्न प्रजातिको पुनरुत्पादन (Regeneration) हुन गई जैविक विविधताको वृद्धि हुने र गैह्रकाष्ठ वन पैदावार (NTFPs) को विकास तथा पर्यावरणीय संरक्षण हुन जाने र स्थानीय जनताको आयआर्जनमा थप सहयोग पुग्न जानेछ ।
- साझेदारी व्यवस्थापन गर्दा प्राप्त लाभांशबाट स्थायी स्रोत खडा हुन जाने र सामूदायिक एवं वन विकासको माध्यमद्वारा महिला र पिछडिएका जनजातिका लागि विशेष कार्यक्रम सञ्चालन गर्न सकिने छ ।
- स्थानीय स्तरमा टुप्पा-टुप्पी (Lops and tops) र स-साना काठ समेत उपलब्ध हुन जाने हुँदा दाउराको समस्या नपर्ने र गुइँठा (Dung-cake) को उपयोग हुन गई खेतीपातीमा कृषि उत्पादन बढ्न जानुका साथै गरिब वर्गको जीवन स्तरमा सुधार हुन सक्नेछ ।
- प्राय निष्क्रिय र परम्परागत हिसाबले कार्यरत वन कर्मचारीका पेशागत कार्य एवं सीपमा केही हदसम्म अभिबृद्धि भई क्रियाशिल हुन सक्ने र वन क्षेत्रबाट राष्ट्रिय आयमा हाल प्राप्त भइरहेको करिब ८% योगदान कम्तीमा पनि दुई दोब्बर बढ्न जाने समेत देखिन्छ ।
- काठ दाउराको बिक्री प्रक्रिया बढी पारदर्शी भई वन पैदवारमा आधारित साना-ठूला उद्योगको भविष्य सुनिश्चित हुने आधार खडा हुन जानेछ ।

**कठिनाई एवं समाधान**

वनको साझेदारी व्यवस्थापन कार्य प्रारम्भिक अवस्थामा रहेको छ । नौलो किसिमको यो ढाँचा विकसित भई सफल हुन केही समय लाग्न जाने छ । नयाँ भएको कारणले प्रथम चरणमा यस

कार्यक्रमले केही बाधा अड्चनको सामना गर्नु पर्ने छ । त्यस्ता बाधा अड्चन पहिचान गरी समस्यामा रुपान्तर हुन पूर्व नै निराकरण गर्नु पर्दछ । पहिचान गरिएका मुख्य कठिनाई र निराकरणका उपाय निम्नानुसार रहेका छन् :

- यस व्यवस्थापनको सफलता सम्बन्धित निकाय र कर्मचारी, साझेदारहरु तथा सरोकारवालाहरुको प्रतिबद्धता एवं कार्यकुशलतामा निर्भर रहने भए पनि यस व्यवस्थापकीय प्रणालीको जानकारी हुनु अनिवार्य छ । अतः विभिन्न स्तरमा परिचयात्मक (Orientation) र पुनः परिचयात्मक (Re-orientation) कार्यक्रम सञ्चालनगरी सम्बन्धित सबैलाई जानकार बनाउन आवश्यक छ ।
- जनसहभागितामा कमी हुन गएमा कार्यक्रममा नै प्रश्न चिन्ह खडा हुन सक्ने हुँदा प्रारम्भदेखि नै अतिरिक्त रोजगारीका अवसर सृजना गरी वन पैदवारमा निर्भर रहने समूह, जनजाति, पिछडिएका वर्ग एवं महिलाका लागि विशेष कार्यक्रम समावेश गर्नु पर्दछ । समन्वयन र समझदारी कायम राखी राख्न छलफल तथा अन्तरक्रिया जस्ता कार्यहरु पनि निरन्तर रुपमा कार्यान्वयन गरिनु पर्दछ ।
- स्थानीय निकायको सहभागिता यस व्यवस्थापनको अनिवार्य अङ्ग भएको तर ती निकाय राजनैतिक पृष्ठभूमिका हुने हुँदा राजनितिक प्रभाव न्यून गर्न कर्मचारी, स्थानीय जनता, गैह्र सरकारी संस्था र अन्य सरोकारवालाहरुले सचेत एवं संवेदनशील रहनु पर्दछ ।
- सबै साझेदारहरुको समानरुपमा सहभागिता कायम राख्न आवश्यक हुने हुँदा निश्चित मापदण्ड निर्धारण गरी सहभागितामूलक नियमित अनुगमन र मूल्यांकनको व्यवस्था प्रारम्भ देखि नै गरिनु पर्दछ ।
- वनको साझेदारी व्यवस्थापनको नमुनालाई छुटै अङ्ग नमानी जिल्लाको वन क्षेत्र, भु-स्रोत एवं ग्रामीण वनसँग समेत आवद्ध गरी सह सम्बन्ध स्थापित गरिनु आवश्यक छ ।

प्रारम्भमा यस कार्यक्रमलाई  सञ्चालन गर्न आवश्यक पर्ने साधन एवं श्रोतको व्यवस्था  श्री ५ को सरकारले गर्न आवश्यक हुनका साथै दुरुपयोग नियन्त्रण गर्न समयमा नै मापदण्ड आदिको व्यवस्था  समेत गर्नु पर्दछ ।

**साझेदारी कार्यक्रमको अवस्था**

वनको साझेदारी सुसुप्त अवस्थामा रहेको छ । यस व्यवस्थापनले सरकारी मान्यता प्राप्त गरेको तीन वर्ष पार गरे पनि यस अवधिमा एउटा वन व्यवस्थापन कार्यदल खडा गरिएको र हालसालै श्री ५ को सरकार, वन तथा भू-संरक्षण मन्त्रालयले वनको साझेदारी व्यवस्थापन दिग्दशन, २०६० को ड्राफ्ट स्वीकृत गरेको छ । यस दिग्दर्शनले वनको साझेदारी व्यवस्थापन कार्ययोजना तयार गरी स्वीकृत र परीक्षण गराउन निर्दिष्ट गर्नुका साथै संगठात्मक संरचना, साझेदार तथा सरोकारवालाहरुको भूमिका एवं जिम्मेवारी किटान गरेको छ । व्यवस्थापन कार्य सफल गराउन जिल्ला वन कार्यालय, स्थानीय निकाय एवं जनताको महत्वपूर्ण स्थान रहे पनि परीक्षण अवधिमा जिल्ला समन्वयन समिति एवं केन्द्रको अहम् भूमिका रहने देखिन्छ ।

मुख्य रुपले हालसम्म यस व्यवस्थापन कार्यमा तराई तथा शिवालिकको लागि जैविक विविधता क्षेत्र कार्यक्रम (Biodiversity sector program- Siwalik Terai), र जीविकोपार्जनमको लागि वन कार्यक्रम (Livelihood forestry program - Terai Component) सञ्चालन गरिएका छन् । प्रथम कार्यक्रम मध्यमाञ्चलको आठ तराई, भित्री मधेस र दोस्रो पश्चिमाञ्चलका ३

तराईका गरी ११ जिल्लामा सञ्चालित छन् । विभिन्न स्तरको गोष्ठी र छलफल सम्पन्न गरी उक्त दुबै कार्यक्रम योजना तर्जुमा गर्न संलग्न रहेका छन् मध्यमाञ्चलका वारा एवं पर्सामा यस अवधारणाले परिक्षणको रुपमा प्रवेश पाउने बढी संभावना रहेको बुझिन आएको छ ।

**उपसंहार**

वन सम्पदा एक पुर्ननवीकरण प्राकृतिक स्रोत हो । काठ, दाउरा, जडीबुटी, आदि उत्पादनदेखि वायुमण्डलीय चक्र, जल संचय, भूमि संरक्षण, कृषि-वाली आदिको वृद्धिमा सहयोगी हुनुका साथै राष्ट्र निर्माणको केन्द्र विन्दु वन सम्पदा भएको हुँदा यसको कार्य क्षेत्र असीमित रहेको छ । तराई क्षेत्रमा रहेका वनको आफ्नै विशिष्ट स्थान छ । यस तथ्यको गहन जानकारी एवं बोध नीति निर्माता, बुद्धिजीवि, नागरिक समाज एवं राजनैतिक क्षेत्रमा गराई जन चेतनामा वृद्धि गर्न आवश्यक पहल गर्न जरुरी देखिन्छ । स्थानीय जनतालाई कार्यक्रमदेखि क्रमशः नीति, नियम निर्माणमा सिद्धान्ततः व्यवहारिकरुपमा पनि सहभागी गराउँदै जानु पर्दछ । विशेष प्रयोजनका लागि सरकारले समय समयमा गर्ने निर्णय सदाका लागि अन्त्य गरिनु पर्दछ ।

वन जग्गामा गरिने बसोबासका कार्यक्रम पनि समाप्त गर्न आवश्यक छ । कुनै विकल्प नरहेमा मात्र राष्ट्रिय प्राथमिकता प्राप्त योजनालाई वनको सीमित जग्गा दिई यथेष्ट मुआब्जा दिनु पर्ने र प्राप्त रकमबाट जग्गा खरीद गरेर भए पनि वन विकास गर्नमा मात्र खर्च गर्ने नीति अवलम्बन गरिनु पर्दछ । कर्मचारी वर्गको कार्यदक्षतामा वृद्धि गर्न आवश्यक कार्यक्रम सञ्चालन गर्नुका साथै प्रभावकारी अनुगमन एवं मूल्यांकन गरी पुरस्कार र सजायको व्यवस्था गर्नु पनि उत्तिकै जरुरी देखिन्छ ।

अन्त्यमा, कुनै पनि कार्यक्रम जति राम्रो देखिए पनि कार्यान्वयनमा ढिलासुस्ती, निष्क्रियता र गतिहीनता रहन गएमा संभावित फाइदा प्राप्त हुन सक्दैन । यस पक्षलाई मनन् गरी स्थलगत रुपमा अनुगमन गर्दै क्षेत्रगत हिसाबले यस व्यवस्थापनको परीक्षण गरिनु वान्छनीय देखिन्छ । परीक्षण कार्यमा देखिएका त्रुटि संशोधन गरी कार्यक्रम बिस्तारित गरिनु पर्दछ । अन्यथा वर्ष बित्दै जाने र वन जङ्गलको आयु घट्दै जाने हुँदा तराईको वन क्षेत्र झन् समस्याग्रस्त हुन जाने छ ।

(लेखक वन पैदावार बिकास समिति, केन्द्रिय कार्यालय, काठमाडौं कार्यरत हुनुहुन्छ ।)

---

**आभार**

**श्री ध्रुबराज भट्टराई, राष्ट्रिय वन महाशाखा, वन विभागले यस लेखन कार्यको भाषागत त्रुटिहरु सच्चाई परिमार्जन गर्न सहयोग गर्नु भएकोमा आभार प्रकट गर्दछु ।**